# सिलीचोङ गाउँपालिका

# स्थानीय राजपत्र

## सिलीचोङ गाउँपालिकाद्धारा प्रकाशित

खण्डः ९, संख्याः १, जेठ १८ गते, २०८२ साल

**भागः १**

**सिलीचोङ गाउँपालिका, ताम्कु, सङ्खुवासभा, कोशी प्रदेश, नेपालको सूचना।**

## सिलीचोङ गाउँपालिकाको दलित छात्राहरूका लागि उच्च शिक्षा छात्रवृति व्यवस्थापन र वितरण गर्ने सम्बन्धमा बनेको ऐन।

**प्रस्तावना** : दलित समुदायका छात्राहरूको शिक्षाको अधिकारको प्रत्याभूतिको लागि प्रोत्साहन गर्दै सशक्तिकरण र शिक्षा प्राप्तिको अवसर तथा लाभमा समन्यायिक पहुँच स्थापित गर्नका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१) वमोजिम सिलीचोङ गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यो ऐनको नाम " **दलित छात्रा छात्रवृति ( व्यवस्थापन र वितरण ) ऐन,२०८१** रहनेछ ।

(२) यो ऐन सिलीचोङ गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "उच्च शिक्षा" भन्नाले स्नातक वा सो भन्दा माथिको शैक्षिक उपाधी सम्झनु पर्दछ।

(ख) "गाउँसभा" भन्नाले सिलीचोङ गाउँपालिकाको गाउँसभा सम्झनु पर्दछ।

(ग) "तोकिएको भन्नाले " यस ऐनको कार्यान्वयन लागि नियमावलीमा तोकिए बमोजिमलाई जनाउनेछ र सो शब्दले गाउँपालिका वा समितिले तोकिए बमोजिम समतेलाई जनाउनेछ।

सिलीचोङ गाउँपालिका

(घ) "प्रमुख प्रशासकीय अधिकृत भन्नाले " सिलीचोङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउनेछ वा सो शब्दले प्रमुख प्रशासकीय अधिकृत पदको जिम्मेवारी प्राप्त भई कामकाज गर्ने कर्मचारीलाई समेत जनाउनेछ।

(ङ) "लक्षित वर्ग " भन्नाले सिलीचोङ गाउँपालिका भित्र स्थायी बसोबास गर्ने दलित महिला विद्यार्थीलाई सम्झनु पर्दछ।

(च) "समिति" भन्नाले दफा ३ वमोजिम गठन हुने छात्रवृत्ति व्यवस्थापन र वितरण समितिलाई जनाउनेछ।

३. <u>छात्रवृत्ति व्यवस्थापन र वितरण समिति</u> : (१) उच्च शिक्षा अध्ययनरत विद्यार्थीलाई छात्रवृत्ति वितरणको लागि सूचना आह्वान, आवेदन संकलन, आवेदक छनौट, छात्रवृत्ति वितरण, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी आवश्यक कार्य गर्नका लागि देहाय अनुसारको उच्च शिक्षा छात्रवृत्ति व्यवस्थापन र वितरण समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्षः संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृतः सदस्य

(ग) महिला,बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखः सदस्य

(घ) प्रशासन शाखा प्रमुखः सदस्य

(ङ) आर्थिक प्रशासन शाखा प्रमुखः सदस्य

(च) दलितहरूको हकहितको लागि गठित पालिकास्तरीय समितिले सिफारिस गरेको एक जना प्रतिनिधि सदस्य

(छ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखः सदस्य सचिव

४. **<u>छात्रवृत्ति व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार</u>** :

समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) उच्च शिक्षामा अध्ययनरत लक्षित वर्गलाई अध्ययन गर्न गाउँपालिकाबाट उपलब्ध गराइने छात्रवृत्तिका लागि स्विकृत बजेट सिमाभित्र रहि छात्रवृत्तिको कोटा निर्धारण गर्ने ।

(ख) स्वीकृत कार्यक्रम तथा बजेटको परिधिभित्र रहि छात्रवृत्तिको लागि दोस्रो चौमासिक अवधि भित्र छात्रवृतिको लागि आवेदन माग गर्ने ।

(ग) निर्धारित समयभित्र पर्न आएका आवेदनको रुजु तथा जाँचवुझ गरि विद्यार्थीको आवेदन स्विकृत वा अस्विकृत गर्ने ।

(घ) स्विकृत आवेदनहरू मध्येबाट सम्बन्धित कार्यक्रम अन्तर्गत रही लक्षित विद्यार्थीलाई छात्रवृत्तिका लागि छनौट गरि अन्तिम सूचि प्रकाशित गर्ने ।

(ङ) नतिजा वमोजिम छात्रवृति प्रदान गरिने विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध रकम निकासाका लागि सिफारिस गर्ने ।

(च) छात्रवृत्तिको छनौट तथा वितरणका सम्बन्धमा समितिमा पर्न आएका निवेदन तथा गुनासाका सम्बन्धमा छानविन गरी निर्णय गर्ने ।

(छ) छात्रवृत्ति व्यवस्थापनको लागि आवश्यक पर्ने अन्य कार्यहरू गर्ने, गराउने।

५. **<u>छात्रवृत्ति प्राप्त गर्नको लागि आवश्यक योग्यता</u>** : (१) गाउँपालिकाबाट वितरण हुने छात्रवृत्ति प्राप्त गर्नको लागि देहायको योग्यता पुगेको हुनुपर्नेछ।

क. सिलीचोङ गाउँपालिका स्थायी वासिन्दा,

ख. उच्च शिक्षा हासिल गर्न नेपालका कुनै एक शैक्षिक संस्थामा अध्ययनरत रहेको,

ग. दलित महिला,

घ. अध्ययनरत तहमा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह वा कुनै सरकारी वा गैर सरकारी निकाय वा अन्य निकायबाट पूर्ण छात्रवृत्ति प्राप्त नगरेको।

(ङ) दलित जातिमा सूचिकृत भएको भनी राष्ट्रिय दलित आयोग वा सम्बन्धित वडा कार्यालय वा

सिलीचोङ गाउँपालिका

सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट प्रमाणित प्रमाणपत्र प्राप्त गरेको हुनुपर्नेछ ।

(च) उच्च शिक्षा अध्ययन गर्नका लागि यस ऐन बमोजिम छात्रवृति प्राप्त गर्न जुनसुकै संकायमा अध्ययन गर्ने छात्राहरू योग्य हुनेछन्।

६. **<u>आवेदन सम्बन्धी व्यवस्था</u>** : (१) छात्रवृत्ती वितरणका लागि प्रत्येक शैक्षिक सत्रमा समितीले तोकिएको समय भित्र आवेदन पेश गर्न सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) वमोजिमको आवेदन पेश गर्ने सम्बन्धी सूचना गाउँपालिकाको वेवसाइट र सूचना पाटीमा टाँस गर्नुपर्नेछ ।

(३) इच्छुक विद्यार्थीले समितिले निर्धारण गरे वमोजिमको समय भित्र आवेदन फारम पेश गर्नु पर्नेछ ।

(४) तोकिएको आवेदन फारम सोझै कार्यालयमा बुझाउने वा विद्युतीय माध्यमबाट पेश गर्न व्यवस्था गर्न सकिनेछ।

(५) उपदफा (३) वमोजिमको आवेदन फारम साथ देहाय वमोजिमका कागजात संलग्न गर्नुपर्नेछ :

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि



सिद्धिचरण गाउँपालिका

(ख) सम्बन्धित विश्वविद्यालय तथा शैक्षिक संस्थामा भर्ना भई अध्ययन गरिरहेको सिफारिस पत्र

(ग) आवेदक विद्यार्थी यस गाउँपालिकाको बासिन्दा भएको सम्बन्धित विद्यार्थीको स्थायी ठेगाना भएको वडाबाट प्रमाणित पत्र

(घ) छात्रवृत्तिका लागि आवेदन गरेको भन्दा एक तह मुनीको लब्धाङ्कपत्र (ट्रान्सक्रिप्ट) तथा प्रमाणपत्रको प्रतिलिपि

(ङ) दुईप्रति पासपोर्ट साइजको फोटो

(च) दलित जाति प्रमाणित सिफारिस

(६) छात्रवृत्तिको लागि पेश गर्नुपर्ने आवेदनको ढाँचा तोकिए वमोजिम हुनेछ ।

(७) छात्रवृत्तीको आवेदनको माध्यम , छनौट सम्बन्धी प्रक्रिया तथा यस सम्बन्धी अन्य व्यवस्था समितिले निर्धारण गरे वमोजिम हुनेछ ।

(८) तोकिएको समय सिमा भित्र प्राप्त नभएको तथा आवश्यक कागजात संलग्न नभएको आवेदनलाई छनौट प्रक्रियमा समावेश गरिने छैन ।

७. <u>**विद्यार्थीको छनौट तथा सिफारिसका**</u> : (१) छात्रवृतिको लागि सिफारिस गर्दा देहायका आधारमा गरिनेछ।

सिलीचोङ गाउँपालिका

(क) शैक्षिक उपलब्धीको मूल्याङ्कन

(ख) अन्य क्षेत्रको मूल्याङ्कन

(२) उपदफा १ बमोजिमको शैक्षिक उपलब्धीको मूल्याङ्कन र अन्य क्षेत्रको मूल्याङ्कन अनुसूची १ मा उल्लेख भए बमोजिम हुनेछ।

(३) छनौट भएका विद्यार्थीहरूको नामावली गाउँपालिकाको कार्यालयबाट प्रकाशन गरिनेछ ।

८. **<u>विद्यार्थी छनौट प्रक्रिया</u>** : (१) कम्तीमा १५ दिनको समय राखेर गाउँपालिकाले छात्रवृत्ती सम्बन्धी सूचना प्रकाशन गर्नेछ ।

(२) तोकिएको समय भित्र छात्रवृत्तिका लागि तोकिए वमोजिमको ढाँचामा आवेदन पेश गर्नु पर्नेछ ।

(३) प्रकाशित सूचना वमोजिम म्यादभित्र रीतपूर्वक प्राप्त हुन आएका आवेदनलाई छनौट प्रक्रियामा समावेश गर्नु पर्नेछ ।

(४) छात्रवृत्तिका लागि विनियोजित वजेटका आधारमा पर्न आएका आवेदकको प्रारम्भिक छनौट गरि सूचि कायम गरिनेछ ।

९. **<u>छात्रवृतिको रकम</u>** : (१) यस ऐन बमोजिम छात्रवृति प्राप्त गर्ने छात्राले सम्वन्धित तहको अध्ययन पूरा गर्नका लागि लाग्ने

विश्वविद्यालय भर्ना शुल्क, परीक्षा शुल्क र शैक्षिक शुल्क मात्र छात्रवृति वापत उपलब्ध गर्न सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाको वार्षिक विनियोजित रकमको आधारमा छात्रवृति रकम प्रदान गर्दा शैक्षिक शुल्क बापतको पुर्ण वा आंशिक रकम प्रदान गर्न सकिनेछ।

**१०.** <u>**रकम निकाशा**</u> **:** (१) छात्रवृतिको रकम गाउँपालिकाले बार्षिक रूपमा एकपटक वा अवस्था हेरी दुई पटक उपलब्ध गराउन सकिनेछ।

(२) उपदफा (१) बमोजिमको रकम स्थानीय सञ्चित कोषबाट खर्च गरिनेछ।

(३) छात्रवृतिका लागि छनौट भएका विद्यार्थीहरूलाई निजको बैंक खाता मार्फत गाउँपालिकाबाट रकम निकाशा गरिनेछ।

(४) छात्रवृति रकम भुक्तानीका लागि चालु शैक्षिक शत्रमा विश्वविद्यालयलाई अध्ययनको लागि विभिन्न क्षेत्रमा शुल्क तिरेको सक्कल रसिद, सम्बन्धित विद्यार्थी अध्ययन गर्दै गरेको शैक्षिक संस्थाबाट पछिल्लो समयसम्म अध्ययन गर्दै गरेको प्रमाणित पत्र र आवेदक विद्यार्थी यस गाउँपालिकाको वासिन्दा हुन भन्ने सम्बन्धित विद्यार्थीको स्थायी ठेगाना भएको वडा कार्यालयबाट किटानी पत्र पेश गर्नुपर्नेछ।

(५) यस दफा बमोजिम रकम निकाशाको लागि सम्बन्धित विद्यार्थीले लिखित निवेदन सहित छात्रवृति रकम माग गर्नुपर्नेछ।

(६) यस दफामा उल्लेख गरिएका प्रमाणको आधारमा वढीमा एक शैक्षिक शैत्रमा अनुसूची २ बमोजिम छात्रवृतिको रुपमा भुक्तानी दिइनेछ।

११. <u>**विद्यार्थीले पूरा गर्नु पर्ने शर्त**</u> : छात्रवृत्तिमा छनौट भइ अध्ययन गर्ने विद्यार्थीले देहाय वमोजिमका शर्त पुरा गर्नुपर्नेछ :

(क) काबु बाहिरको परिस्थिति बाहेक अध्ययनलाई बीचैमा छाड्न पाइने छैन,

(ख) प्राप्त छात्रवृत्ति रकम शैक्षिक क्रियाकलापमा मात्र खर्च गर्नुपर्नेछ,

(ग) आफ्नो शैक्षिक प्रगति विवरण (मार्कसिट) गाउँपालिकामा वार्षिक रूपमा पेश गर्नुपर्नेछ,

१२. <u>**छात्रवृत्ती रकम उपलब्ध नगराइने**</u> : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा छात्रवृत्तीको रकम उपलब्ध गराइने छैन :

क. आवेदनमा माग गरिएका विवरण गलत तथा झुठ्ठा भएको पाइएमा,

ख. गाउँपालिकाबाट बजेट विनियोजन नभएमा,

ग. छात्रवृत्ती प्राप्त गरेको विद्यार्थीले अध्ययन गर्न छाडेमा,

घ. छनौट भएका विद्यार्थीले अध्ययन गरिरहेको संकाय वा विषय परिवर्तन गरेमा,

ङ. छात्रवृत्ती सम्बन्धी अन्य शर्त पालना नगरेमा,

च. प्रत्येक समेष्टर (सेमेष्टर प्रणाली भएमा) वा बार्षिक रूपमा अनुत्तिर्ण भएमा ।

(२) उपदफा (१) को खण्ड (क) वमोजिम छात्रवृत्ति प्राप्त गर्नको लागि गलत तथा झुठ्ठा विवरण पेश गरेको वा छात्रवृत्ति लिएको पाइएमा निजले प्राप्त गरिसकेको छात्रवृति रकम सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

१३. **<u>ऐन कार्यान्वयनको मापन गर्नुपर्ने</u>** : (१) ऐनको प्रभावकारीता मापन गर्नका लागि समितिले प्रत्येक वर्ष ऐन वमोजिम भए गरेका कार्यको वार्षिक प्रतिवेदन तयार गरि कार्यपालिकामा पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिले पेश गरेको प्रतिवेदन उपर कार्यपालिकाले अध्ययन गरी ऐन लागू भएको मितिले प्रत्येक वर्षमा कार्यपालिकाले सो प्रतिवेदन गाउँसभामा पेश गर्नुपर्नेछ।

१४. **<u>नियम, बनाउन सक्ने</u>** : (१) यस ऐनको कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियमावली बनाई लागू गर्न सक्नेछ ।

१५. **<u>निर्देशिका, कार्यविधि, मापदण्ड बनाउने सक्ने</u>** : यस ऐनको कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक निर्देशिका, मापदण्ड तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ।

## अनुसूची १

### दफा ७ को उपदफा २  वमोजिमको छनौटका आधारहरू

क. शैक्षिक उपलब्धीको मूल्याङ्कन (५० पूर्णाङ्क)

| क्र स | नाम थर | स्नातक तह छात्रवृत्तीका लागि | | | स्नातकोत्तर तह छात्रवृत्तीका लागि | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको प्रमाणपत्र | | | स्नातक तह वा सो सरह उत्तिर्ण गरेको प्रमाणपत्र | | | | |
| | | प्रथम श्रेणी | द्धितीय श्रेणी | तृतीय श्रेणी | प्रथम श्रेणी | द्धितीय श्रेणी | तृतीय श्रेणी | ५० | |
| | | ५० | ३५ | २० | ५० | ३५ | २० | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

ख. अन्य क्षेत्रको मूल्याङ्कन (५० पूर्णाङ्क):

| क्र स | मूल्याङ्कनका आधारहरू | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| **१** | **SLC वा SEE अध्ययन गरेको संस्था** | **२०** | | |
| १.१ | सामुदायिक | २० | | |

| क्र स | मूल्याङ्कनका आधारहरू | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १.२ | संस्थागत | १५ | | |
| **२** | **बुबा आमाको अवस्था** | **१५** | | |
| २.१ | बुबा आमा दुवै नभएको | १५ | | |
| २.२ | आमा भएको बुबा नभएको | १२ | | |
| २.३ | बुबा भएको आमा नभएको | १० | | |
| २.४ | बुबा आमा भएको | ८ | | |
| **३** | **परिवारको प्रमुख आयस्रोत** | **१५** | | |
| ३.१ | कृषि | १५ | | |
| ३.१ | वैदेशिक आय | १२ | | |
| ३.१ | व्यापार | १० | | |
| ३.१ | रोजगारी | ८ | | |
| | जम्मा | ५० | | |

सिलीचोङ गाउँपालिका

अनुसूची २

दफा १० को उपदफा ६ वमोजिमको छात्रवृत्ती रकम

| क्र स | संकाय वा विषय | तह | इकाइ | छात्रवृत्ति रकम (अधिकतम) | कैफियत |
|---|---|---|---|---|---|
| १ | अप्राविधिक (शिक्षा , व्यवस्थापन, कानून, वाणिज्य, मानविकी, कला, जनप्रशासन तथा अन्य ) | स्नातक | प्रतिवर्ष | ७५,००० | |
| २ | प्राविधिक (स्वास्थ्य, कृषि, पशु, इन्जिनियरिङ,आइटी, वन विज्ञान, साधारण विज्ञान तथा अन्य ) | स्नातक | प्रतिवर्ष | १,५०,००० | |
| ३ | अप्राविधिक (शिक्षा , व्यवस्थापन, कानून, वाणिज्य, मानविकी, कला, जनप्रशासन तथा अन्य ) | स्नातकोत्तर | प्रतिवर्ष | १,००,००० | |
| ४ | प्राविधिक (स्वास्थ्य, | स्नातकोत्तर | प्रतिवर्ष | १,७५,००० | |

| क्र स | संकाय वा विषय | तह | इकाइ | छात्रवृत्ति रकम (अधिकतम) | कैफियत |
|---|---|---|---|---|---|
| | कृषि, पशु, इन्जिनियरिङ, आइटी वन विज्ञान, साधारण विज्ञान तथा अन्य) | | | | |
| ५ | चिकित्सा विज्ञान | स्नातक | प्रतिवर्ष | २,००,००० | |
| ६ | चिकित्सा विज्ञान | स्नातकोत्तर | प्रतिवर्ष | २,५०,००० | |

**आज्ञाले,**

**नामः भद्र बहादुर राई**

**पदः प्रमुख प्रशासकीय अधिकृत**